# कर्मचारी आवश्यकता

(प्रकाशित मिति : २०७९/०६/३१)

एनएमबि लघुवित्त वित्तीय संस्था लि. एनएमबि बैंक लि.को सहायक कम्पनीको रुपमा दर्ता कायम भएको राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको एक प्रतिष्ठित कम्पनी हो । यस वित्तीय संस्थालाई तपसिलमा उल्लेखित पदहरुमा कर्मचारीहरु आवश्यक भई खुल्ला प्रतिस्प्रर्धाबाट पदपुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक ब्यक्तिहरुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन दिन आह्वान गरिन्छ । यस वित्तीय संस्थाको वेभसाइट **www.nmbmicrofinance.com** मा गई अनलाइन फारममा भएका विवरणहरु भरी आवेदन पठाउन सकिने छ । प्राप्त हुन आएका आवेदनहरु मध्ये रितपुगेका योग्य आबेदकहरुको छोटो सूची (Short List) र परीक्षा सम्बन्धी कार्यक्रम आवेदन दिने म्याद समाप्त भएको मितिले ७ दिन भित्रमा वेवसाइटमा प्रकाशित गरिने छ । टेलिफोन र इमेलबाट समेत परीक्षा कार्यक्रम सम्बन्धी जानकारी दिन सकिने छ ।

**तपसिल**

| बिज्ञापन नं. | पद | श्रेणी | संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|
| ०२/२०७९/८० | बरिष्ठ प्रबन्धक/ प्रबन्धक/ सहायक प्रबन्धक | व्यवस्थापकीय | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थाको व्यवस्थापकीय तहमा कम्तिमा ४ वर्षको अनुभव लगायत कुल १० वर्षको कार्य अनुभव भएको साथै माग गरिएको पदभन्दा एक तह तल्लो पदमा कम्तीमा २ वर्ष कार्य अनुभव भएको । |
| ०३/२०७९/८० | बरिष्ठ अधिकृत/ अधिकृत/ कनिष्ठ अधिकृत | अधिकृत | २ | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा अधिकृत तहमा ५ वर्ष कार्यानुभव भएका, नेपाली र अंग्रेजी टाइपिङ तथा कम्युटरमा दक्षता भएका । बैंक तथा वित्तीय संस्थामा विभागीय प्रमुख भई काम गरेका, एमबिए उत्तीर्ण गरेका, तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो तह हासिल गरेका, मोटरसाइकल चालक अनुमति पत्र भएका र कम्प्युटरमा दक्ष आवेदकहरुलाई प्राथमिकता दिइने छ । |
| ०४/२०७९/८० | व्यवस्थापन प्रशिक्षार्थी | अधिकृत | ४ | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण भएको, नेपाली र अंग्रेजी टाइपिङ तथा कम्युटरमा दक्षता भएको हुनुपर्नेछ । मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन बिषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कार्य अनुभव भएको कम्प्युटरमा दक्ष आवेदकहरुलाई प्राथमिकता दिइने छ । |

**उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गरी वित्तीय संस्थाको लक्ष्य हासिल गर्न सक्ने दक्ष, नेतृत्वदायी, सिर्जनशिल तथा परिणाम मुखी, समूहमा कार्य गर्न सक्ने योग्यता पुगेको सबैलाई आवेदन दिन आह्वान गरिन्छ ।**

१. प्रबन्धक श्रेणीको आवेदकहरुको उमेर ३० वर्ष पुरा भई ४५ वर्ष, अधिकृत श्रेणीको आवेदकहरुको उमेरको हद १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिला आवेदकहरुको हकमा माथिल्लो उमेरको हदमा ५ वर्ष थप हुनेछ ।
२. नेपाल बाहिरका शिक्षण संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरु भए समकक्षता निर्धारणको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
३. कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ ।

**तलव तथा अन्य सुविधा** : वित्तीय संस्थाको नियमानुसार हुनेछ ।

**परीक्षाको किसिम** : विज्ञापन नं. ०२ र ०३ को लागि प्रस्तुतीकरण वा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता गरिनेछ भने विज्ञापन नं. ०४ को लागि लिखित, प्रयोगात्मक, प्रस्तुतिकरण र अन्तरवार्ता गरिनेछ ।

**परिक्षा केन्द्र** : पोखरा कास्की ।

**पदपुर्ति समिति :**


**एनएमबि लघुवित्त वित्तीय संस्था लि.**

**NMB Laghubitta Bittiya Sanstha Ltd.**

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

**केन्द्रीय कार्यालय : पोखरा-२५, हेम्जा, कास्की, फोन : ०६१-४००४२७, ४००४७७**